VERMONT
DEPARTMENT OF LABOR

# बारम्बार सोधिने प्रश्नहरू
# सामान्य बेरोजगार बीमा

**प्रारम्भिक दावी स्थापना गर्दै:** 1-87777-214-3330 वा 1-888-807-7072 मा कल गर्नुहोस्, वा अनलाइन आवेदन दिनुहोस् www.labor.vermont.gov

**साप्ताहिक दावी फाइल गर्दै:** कल गर्नुहोस्: 1-800- 983-2300 (स्वचालित लाइन (२४ घण्टा आइत, ५ बजे बिहान देखि ४:३० बेलुकी सोम-शुक्र), अनलाइन: www.labor.vermont.gov

**महामारी बेरोजगार सहयोगको बारेमा अधिक जानकारी हेर्दै हुनुहुन्छ? भ्रमण गर्नुहोस् https://labor.vermont.gov/PUA**

---

## योग्यता

### के म बेरोजगारी लाभका लागि योग्य छु?

बेरोजगारी लाभका लागि योग्यताको आवश्यकताहरू निम्न क्षेत्रहरू समावेश गर्न कोभिड-१९ को कारण विस्तार गरिएको छ:

- *तपाईं योग्य हुन सक्नुहुन्छ यदि तपाईंलाई निम्न कारणले निकालिएको छ भने:*
    - तपाईंको रोजगारदाताले कोभिड-१९ संग सम्बन्धित कारणले गर्दा कार्य संचालनहरू रोक्दै छ
    - गभर्नर वा राष्ट्रपति द्वारा जारी आदेशको एक सीधा परिणाम
    - कर्मचारीहरूको कोभिड-१९ सम्बन्धित आफ्नै आइशोलेशन/ क्वारेन्टाइन

- *तपाईं योग्य हुन सक्नुहुन्छ यदि तपाईंले निम्न कारणले रोजगार छोड्नुभयो भने:*
    - कोभिड-१९ को परिणामको रूपमा बिरामी वा आइशोलेशनमा हुनु
    - तपाईको रोजगारको स्थानमा एक अनुचित जोखिमको एक्सपोजर
    - कोभिड-१९ को परिणाम स्वरुप बिरामी वा आइशोलेशनमा भएका परिवारको सदस्यको लागि हेरविचार
    - परिवारको सदस्यको हेरविचार गर्ने जो तिनीहरूको रोजगार स्थानमा एक्सपोजरको एक अनुचित जोखिममा थिए
    - बच्चाको हेरचाह गर्नु पर्ने आवश्यकता कारण उनीहरूको स्कूल वा बाल स्याहार केन्द्र बन्द छ

**के हुन्छ यदि मलाई एक दक्ष चिकित्षक वा जन स्वास्थ्य अधिकारीले कोभिड-१९ को कारण क्वारेन्टाइनमा बस्न भनेको छ, तर म बिरामी छैन?**

यदि तपाईं निम्न मापदण्ड पूरा गर्नुहुन्छ भने बेरोजगारी लाभका लागि तपाईं योग्य हुन सक्नुहुन्छ:

- तपाईंले कोभिड-१९ एक्सपोजरको कारण आफैलाई आइशोलेट गर्न वा क्वारेण्टिनमा बस्नको लागि एक दक्ष स्वास्थ्य चिकित्षक वा जन स्वास्थ्य अधिकारीको निर्देशन पालना गर्दै हुनुहुन्छ।
- तपाइँ तलबी बिरामी बिदा वा तपाईंको रोजगारदाता बाट अन्य प्रकारको छुट्टी प्राप्त गर्दै हुनुहुन्न

**के हुन्छ यदि मेरो रोजगारदाताले सावधानी अपनाउन वा एक कर्मचारी बिरामी भएको कारण, वा अन्य कर्मचारीहरूलाई कोभिड-१९ को कारण स्व: आइशोलेशन बस्न आग्रह गरिएको छ भने के हुन्छ? के म बेरोजगारी लाभका लागि योग्य छु?**

यदि तपाइँले आफ्नो रोजगारदाताबाट क्षतिपूर्ति प्राप्त गर्दै हुनुहुन्न, जस्तै तलबी बिरामी बिदा वा तलबी बिदा भने, तपाइँ यस अवधिमा बेरोजगारी लाभका लागि योग्य हुन सक्नुहुन्छ।

**यदि म गम्भीर बिरामी भएको छु र कोभिड-१९ को कारण मेरो जागिर छोड्न बाध्य भएको छु भने के म बेरोजगारी लाभका लागि योग्य हुन सक्छु?**

हुनुहुन्छ। बेरोजगारी लाभहरूको योग्यताको आवश्यकताहरूमा कोभिड-१९ को कारण बिरामी वा आइशोलेशनमा भएकाहरुलाई समावेश गर्न विस्तार गरिएको छ।

**के हुन्छ यदि मैले कोभिड-१९ को कारण परिवारको सदस्यको हेरचाह गर्न आफ्नो जागिर छोड्नु पर्छ भने?**

यदि तपाईंले परिवारको सदस्यको हेरचाह गर्नको लागी काम छोड्नुभयो भने, अब तपाईं बेरोजगार सुविधाहरूको लागि योग्य हुनुहुन्छ।

**मेरो रोजगारदाताले कोभिड-१९ को कारण बन्द गर्यो, के म योग्य छु?**

यदि तपाईंको रोजगारदाता ले कोभिड-१९ को कारण बन्द गरेको छ भने, तपाईं नियमित बेरोजगारी वा महामारी बेरोजगार सहयोग (PUA) को लागि योग्य हुन सक्नुहुन्छ।

**मेरो रोजगारदाताले कोभिड-१९ को कारणले मेरो घण्टा घटायो, के म योग्य छु?**

यदि तपाइँको रोजगारदाताले कोभिड-१९ को कारण तपाइँको घण्टा कम कम गरेको छ भने, तपाइँ बेरोजगारी लाभहरूको लागि योग्य हुन सक्नुहुन्छ।

**के हुन्छ यदि मेरो कार्यस्थल बन्द छ तर म घरबाट काम गर्दैछु, के म योग्य छु?**

 यदि तपाईको कार्यस्थल सार्वजनिक मानिसहरुको लागि बन्द छ, तर कुनै ज्यालामा कमि नभई तपाई टाढाबाट नै काम गर्दै हुनुहुन्छ भने तपाई बेरोजगारीका लागि योग्य हुनुहुन्न।

**मेरो रोजगारदाताले मलाई काममा फर्कन आग्रह गरे तर मलाई फिर्ता जानका लागि सुरक्षित महसुस गर्दिन। के म काममा फर्केर जान र बेरोजगारीका लागि फाइल गरि रहन सक्छु?**

तपाईं सक्षम र उपलब्ध हुनुहुँदा काम स्वीकार गर्न असफल हुनु भयो भने तपाईंलाई बेरोजगारी लाभका लागि अयोग्य बनाइनेछ।

## दाबी सम्बन्धित प्रश्नहरू

### मैले "मौद्रिक निर्धारण" पाएको छु, यो के हो र यसको अर्थ के हो?

तपाईंको मौद्रिक निर्धारण अन्तिम ४ त्रैमासिक भित्रको ज्यालामा आधारित भएर गणना गरिन्छ। तपाईंले प्राप्त गर्नु हुने मौद्रिक निर्धारण राज्य लाभ रकम हो र CARES ऐनबाट थप गरिएको $६०० को संघीय लाभ प्रतिबिम्बित गर्दैन। तपाईंको विद्धुतीय रकम ट्रान्सफर वा पेपर चेकमा $६०० प्रतिबिम्बित हुनेछ।

### यदि मैले गत वर्षमा बेरोजगारीका लागि आवेदन गरेको छु र काममा फर्केको छु भने के मैले एउटा नयाँ दाबी आवेदन दिनुपर्छ?

यदि पछिल्लो १२ महिना भित्रमा तपाईंसँग खुला दावी थियो भने, तपाईंले बेरोजगारीका लागि पुन: आवेदन दिन आवश्यक पर्दैन। तपाईं आफ्नो दावी अनलाइन दावीकर्ता पोर्टलमा फेरि  लग ईन गरेर वा स्वचालित साप्ताहिक दावी लाइनमा कल गरेर फेरि खोल्न सक्नुहुन्छ। 1-800- 983-2300 (स्वचालित लाइन समयहरु: २४ घण्टा आइत, ५ बजे बिहान देखि ४:३० बेलुकी सोम-शुक्र)

### यदि मेरो दावी समाप्त भयो भने के हुन्छ?

यदि तपाईंको दावीको म्याद सकिएको छ भने, तपाईं विस्तारित लाभहरूको लागि योग्य हुनुहुनेछ जसले थप १३ हप्ताका फाइदाहरू प्रदान गर्दछ। विस्तारित लाभ कार्यक्रम विकास विकास भइरहेको। जब कार्यक्रम प्रत्यक्ष हुनेछ तब विभागले घोषणा गर्नेछ।

### मैले गत हप्ता मेरो साप्ताहिक दावी दायर गर्न बिर्सें। म के गरूँ?

यदि तपाईं विगत हप्ताको लागि साप्ताहिक दावी दायर गर्न बिर्सनुभयो भने, तपाईं स्वचालित साप्ताहिक फाईलिंग लाइन 1-800-983-2300 मा कल गर्न सक्नुहुन्छ वा अनलाइन दावीकर्ता पोर्टलमा लग इन गर्नुहोस् र बितेको हप्ताको लागि दावी दायर गर्नुहोस्। तपाईं प्रति दिन केवल एउटा बितेको हप्ता दायर गर्न

सक्नुहुन्छ। तपाईंले पुष्टिकरण पृष्ठमा एउटा सन्देश प्राप्त गर्नुहुनेछ जसले तपाईंलाई दावीकर्ताको पोर्टलमा अर्को छुटेको फाईलिंग कहिले दायर गर्न सक्नुहुन्छ भनि सुचित गराउँछ। तपाइँले थाह गर्नु भए, तपाइँले आइतवार र शुक्रबार बीच ४ बजे बेलुकी हरेक हप्ता साप्ताहिक दावी गर्न जारी गर्न आवश्यक छ

**मेरो दावीले भन्छ कि यो न्याय प्रक्रियामा छ। यसको मतलब के हो?**

न्याय प्रक्रियामा भएका दावीहरुलाई योग्यता निर्धारण गर्न विभागबाट थप समीक्षाको आवश्यक पर्दछ। केहि सब भन्दा सामान्यमा यी समावेश छन्, एक वा दुई दिन काम गरेको ज्याला सुचित गराउन असफल। (जस्तै यदि तपाईंले सोमबार - बुधवार काम गर्नुभयो र बिहीबार निकालियो भने, तपाईंलाई सोमबार - बुधवारको लागि ज्याला सुचित गराउनु आवश्यक पर्दछ)। न्याय प्रक्रिया पूर्ण भएपछि विभागले तपाईंलाई सूचित गर्नेछ।

## भुक्तानी सम्बन्धि प्रश्नहरू

**मैले किन पूर्ण $६०० लाभ प्राप्त गरिन?**

तपाईंले  आफ्नो प्रारम्भिक आवेदन पूरा हुँदा, यदि तपाईंले साप्ताहिक लाभ रकमबाट करहरू रोक्ने विकल्प छनौट गर्नुभयो भने, करहरू तपाईंको संघीय $६०० लाभबाट पनि रोकिनेछ। सबै सुविधाहरू राज्य र संघीय करहरूको अधीनमा छन्।

**मैले कहिलेसम्म लाभ लिन सक्छु?**

तपाइँ २६ हप्ताका लागि बेरोजगारी बीमा लाभ र १३ हप्ताका लागि विस्तारित लाभहरू प्राप्त गर्न सक्नुहुनेछ।

**मलाई कहिले भुक्तानी गरिनेछ?**

यदि तपाईं साप्ताहिक दावीहरू लगातार पेश गर्नुहुन्छ र तपाईंको दावीमा कुनै मुद्दा छैन भने, तपाईं साप्ताहिक रुपमा भुक्तानको आशा गर्न सक्नुहुन्छ।

**मैले बेरोजगारीका लागि मेरो आवेदन पेश गरेको छु र कुनै पनि पैसा प्राप्त गरको छैन। किन ?**

तपाईंले आफ्नो प्रारम्भिक आवेदन बुझाउनु भएपछि, तपाईंले बेरोजगार रहनु भएको प्रत्येक हप्ताको लागि बेरोजगारी दावीहरू दायर गर्न जारी राख्न आवश्यक छ। प्रत्येक साप्ताहिक दावीले तपाई अघिल्लो हप्ताको लागि बेरोजगार भएको प्रमाणित गर्दछ। यदि तपाइँ साप्ताहिक दावी फाइल गर्नुहुन्न भने, तपाइँले काममा फिर्ता जानुभएको छ भनि प्रणालीले मान्दछ र लाभहरु जारी गर्न बन्द गर्नेछ।

**मैले बेरोजगारीका लागि आवेदन दिएँ, मेरा साप्ताहिक दावीहरू दायर गरिरहेको  छु, र कुनै पनि पैसा पाएको छैन। त्यो किन हो?**

यदि तपाईंले अहिलेसम्म कुनै बेरोजगारी सुविधाहरू प्राप्त गर्नुभएको छैन, $१२०० पूर्व-भुक्तान चेक सहित भने, तपाईंको दावीमा एउटा मुद्दा छ जुन विभागले योग्यता निर्धारण गर्न थप अनुसन्धान गर्न आवश्यक छ। विभागले अर्को राज्य, आय मुद्दा, र अन्यबाट जानकारी जम्मा गर्नुपर्ने भएको कारण यो भएको हुन सक्छ। न्याय प्रक्रिया पूर्ण भएपछि विभागले तपाईंलाई सूचित गर्नेछ।

## अन्य बेरोजगार बीमा  सम्बन्धि प्रश्नहरु

### म काममा फर्कदै छु। श्रम विभागलाई सूचित गर्न के मैले केहि गर्न आवश्यक छ?

यदि तपाई काममा फर्कदै हुनुहुन्छ भने, तपाईले यस समयमा विभागलाई सूचित गर्नुपर्दैन।तपाईंले केवल आफ्नो साप्ताहिक दावीहरू दायर गर्न रोक्नु पर्छ। यदि तपाईं  पूर्ण रूपमा कार्यरत भएको एउटा हप्ताको लागि दायर गर्नुहुन्छ भने, त्यो छलपूर्ण गतिविधि हो र तपाईंलाई सुविधाहरूबाट वञ्चित गरिनेछ। तपाईंले UI सुविधाहरुको लागि फाइल गर्दैगर्नु भएको हप्तामा यदि काम गर्नुहुन्छ र काम सम्पादन गर्नुहुन्छ भने, तपाईंले काम गरेको घण्टा र कमाएको ज्याला सुचित गर्नुपर्नेछ।

### मेरो दाबी अब केहि हप्ता देखि न्याय प्रक्रियामा रहिरहेको छ। मैले फैसला कहिले प्राप्त गर्नेछु भन्ने के कुनै समय रेखा छ?

यदि तपाईंको दावी न्याय प्रक्रियामा छ भने, यसलाई त्यो प्राप्त भएको क्रममा न्याय गरिनेछ।

### म कसरी मेरो पिन रिसेट गर्न सक्छु?

यदि तपाईंलाई पिन रिसेट गर्नु छ भने, तपाईं हाम्रो पूरक फोन लाइन 888-807-7072 मा कल गर्न सक्नुहुन्छ।

**कोभिड-१९ भन्दा पहिले म बेरोजगारीमा थिएँ, के मैलेअझै पनि काम खोजिरहनु आवश्यक छ?**

छैन। सबै काम खोज सम्बन्धि नियमहरु कोभिड-१९ को कारण छुट गरिएको छ। काम खोज सम्बन्धि नियमहरु पुनर्स्थापित गर्दा विभागले दावीकर्तालाई सूचित गर्नेछ।

**म काममा फर्किने मिति बित्यो। मलाई थाहा छैन म कहिले काममा फर्किने छु, त्यसो भए मैले त्यो कसरी अपडेट गर्ने?**

यस समयमा, तपाईले आफ्नो काममा फर्किने मिति अपडेट गर्न आवश्यक पर्दैन। विभागले यस प्रक्रियामा हुने कुनै परिवर्तनको घोषणा गर्नेछ।

**मेरो साप्ताहिक दावी दायर गर्दा मैले किन 'SSN फेला परेन' भन्ने पाइरहेको छु?**

निम्न कारणहरुले गर्दा तपाईंले SSN फेला परेन भन्ने तपाईले अनुभव गरिरहनु हुनुपर्छ:

- तपाईंको प्रारम्भिक दावी अझै प्रक्रियामा छ। यो प्रणालीमा अपलोड हुनका लागि तपाईंले आफ्नो प्रारम्भिक दावी बुझाउने समय देखि ७२ व्यावसायिक घण्टा लाग्न सक्दछ।
- तपाई धेरै चाँडै वा ढिलो दाबी गर्ने प्रयास गर्दै हुनुहुन्छ । साप्ताहिक दावी फाइल गर्ने विन्डो प्रत्येक आइतवार देखि शुक्रबार बेलुका ४ बजे शुरु हुन्छ।
- तपाईंको दावी न्याय प्रक्रियामा छ। यदि तपाईंको दावीमा कुनै मुद्दा छ भने, त्यसलाई एक न्यायिक प्रशासकलाई सुम्पिएको हुन्छ। जबसम्म तपाईंको दावीको फैसला सुनाईएको छैन, तपाईं अनलाइन दावीकर्ता पोर्टलमा पहुँच गर्न सक्नुहुन्न।